# पचरौता नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ९ संख्या :०१ मिति : २०८३/०४/२९**

## भाग – २

## पचरौता नगरपालिका

<u>कार्यपालिका बोर्डबाट स्वीकृत मिति : २०८३/०४/२६</u>

नेपालको संविधानको धारा २१८ तथा स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १६ बमोजिम पचरौता नगर कार्यापालिकाले बनाएको तल लेखिएको बमोजिमको नियमावली सर्व सधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

<u>नगर कार्यपालिका कार्य सम्पादन नियमावली,(पहिलो संसोधन) २०८३</u>

<u>प्रस्तावनाः</u>
नगर कार्यपालिकाबाट गरिने कार्यलाइ थप व्यवस्थित गर्न नगर कार्यपालिका सम्पादन नियमावली,२०७५ संसोधन गर्न बान्छनीय भएकोले पचरौता नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८३/०४/२६ को निर्णयबाट यो नियमावली जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः
क) यो कार्यविधिको नाम" नगर कार्यपालिका कार्य सम्पादन नियमावली (पहिलो संसोधन),२०८३" रहेको छ ।
ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. नगर कार्यपालिका कार्य सम्पादन नियमावली,२०७५ को नियम ४ को उपनियम ४ को सट्टा देहाय बमोजिमको उपनियम ४ थप गरिएको छ ।**

(४) उपनियम १ बमोजिमको जिम्मेवारी पुरा गर्ने क्रममा प्रमुखले कार्यपालिका अन्तर्गका निकायहरुमा प्रचलित कानुन तथा स्वीकृत निति तथा निर्णय अनुरुप कार्य संचालन भइरहेको छ छैन निरीक्षण गर्ने,वडा समितिहरु बीच समन्वय गर्ने,विषयगत शाखाहरुलाइ निर्देशन दिने तथा यस नगरपालिकाको स्वीकृत संगठन संरचना अनुसारका विभिन्न शाखाहरूको कार्यसम्पादनलाई थप गतिशील, उत्तरदायी र प्रभावकारी बनाउनका लागि कर्मचारीहरूलाई शाखा प्रमुखको जिम्मेवारी तोक्ने तथा जिम्मेवारी हेरफेर गर्ने कार्य नगर प्रमुखज्यूको निर्देशन र निर्णय बमोजिम हुनेछ ।

३.	नगर कार्यपालिका कार्य सम्पादन नियमावली,२०७५ को नियम १९ को उपनियम १ को (घ) को सट्टा देहाय बमोजिमको बुदा (घ) थप गरिएको छ ।

(घ)प्रचलित कानुन बमोजिम नगर कार्यपालिकाको प्रशासनिक तथा आर्थिक कार्य सम्पादन गर्ने गराउने तर "प्रचलित कानुन बमोजिम कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्दा, शाखा प्रमुख वा विभागीय प्रमुखको जिम्मेवारी तोक्ने, हेरफेर गर्ने वा जिम्मेवारीबाट हटाउने कार्य नगर प्रमुखको निर्णय र निर्देशनको आधारमा मात्र गर्नु पर्नेछ।"

आज्ञाले
वसन्त राज जोशी
प्रमुख प्रशासकीय अधिकृत